श्री ५ को सरकार

# राष्ट्रिय योजना आयोगको सचिवालयको सूचना

## राष्ट्रिय कृषि गणना २०४८ को आदेश

तथ्यांक ऐन, २०१५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारभः

(क) यस आदेशको नाम "राष्ट्रिय कृषि गणना २०४८" को आदेश रहको छ

(ख) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस आदेशमा विभाग भन्नाले केन्द्रीय तथ्यांक विभाग संझनु पर्दछ ।

३. राष्ट्रिय कृषि गणना २०४८ को लागि तथ्यांक संकलन गर्न सक्ने : विभागले तोकेको कुनै खास अवधिभित्र नेपाल अधिराज्यको कृषि र कृषकहरू सम्बन्धी लगत, जग्गाको क्षेत्रफल, जग्गाको उपभोग र उपयोग, बालीको विवरण, पशुपक्षीहरूको संख्या, किसिम, उमेर, कृषि सामग्री, कृषि ऋण तथा औजार समेतको विवरण प्राप्त गर्नका लागि २०४८ सालमा गरिने कृषि गणनाको सन्दर्भमा अनुसूची १ बमोजिमको कुराहरू सोधी कृषि गणनाको कार्य गर्न गराउन सक्नेछ ।

४. अधिकृत तथा कर्मचारीहरूको नियुक्ति र मनोनयनः विभागले दफा ३ बमोजिमको विवरण अनुसार कृषि गणना गर्ने कामको लागि अधिकृत तथा कर्मचारीहरू नियुक्ति गर्न वा मनोनयन गर्न सक्नेछ ।

५. अधिकृत तथा कर्मचारीहरूको काम, कर्तव्य र अधिकार :

(क) कृषि गणनाको काम गर्ने कर्मचारीले आफूलाई तोकिएको जिल्ला वा क्षेत्रमा गई तोकिएको अवधिभित्र सम्बन्धित कृषक वा मुख्य जिम्मेवार व्यक्तिसँग सोधपुछ गरी अनुसूची १ मा उल्लेखित कुराहरूसँग सम्बन्धित विषयको विवरणको सही जानकारी प्राप्त गरी विभागले तोकेको ढाँचा बमोजिमको फाराममा विवरण भर्नु भराउनु पर्छ ।

(ख) उपदफा (ख) बमोजिमको प्राप्त विवरण वा फारामहरूलाई कृषि गणनाको काम गर्ने अधिकृत वा कर्मचारीले विभागले तोकेको अवधिभित्र तोकिदिएको अधिकृत वा कार्यालयमा बुझाउनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) उपदफा (क) बमोजिमको काममा लागेको अवधिको निमित्त कृषि गणनाको काम गर्ने अधिकृत वा कर्मचारीले श्री ५ को सरकारले तोकिदिए बमोजिम पारिश्रमिक र भत्ता पाउनेछ ।

६. कृषि गणना गर्नु पर्ने काममा सहयोग गर्नु पर्ने: कृषि गणना गर्ने कामसँग सम्बन्धित विभाग, अधिकृत वा कर्मचारीहरूलाई सहयोग गर्न श्री ५ को सरकारका सबै कार्यालयहरू, सरकारी वा गैर सरकारी संघसंस्थानहरू, स्थानीय ग्राम विकास समिति, नगरपालिका तथा सबै नागरिकको कर्तव्य हुनेछ ।

७. संकलित तथ्यांकको उपयोग: संकलित तथ्यांकलाई विभागले सम्पादन गरी त्यसको आधारमा कृषि गणनाको प्रतिवेदन प्रकाशित गर्नेछ ।

तर प्रतिवेदन प्रकाशित नहुँदै, विभागले आवश्यक ठानेमा संकलित तथ्यांकबाट तयार गरिएको समष्टि वा आंशिक रूपमा पनि विशेष अध्ययन वा अन्वेषण गर्ने व्यक्ति वा संस्थालाई शर्त तोकी उपलब्ध गराउन सक्नेछ ।

अनुसूची–१
(दफा ३ सँग सम्बन्धित)
कृषि सम्बन्धी लगत

१. मुख्य कृषक । जवाफ दिने व्यक्ति तथा मेनेजर सम्बन्धी विवरण
२. जनसंख्या तथा रोजगारी सम्बन्धी विवरण
३. चलन गरेको जग्गा सम्बन्धी विवरण
४. बालीको विवरण
५. पाल्तु चौपाया र चराचुरूङ्गी सम्बन्धी विवरण
६. कृषि औजार तथा कृषिका अन्य साधनहरू सम्बन्धी विवरण
७. गैर आवासीय भवन सम्बन्धी विवरण
८. वन बनेलो र मत्स्यपालन सम्बन्धी विवरण
९. कृषि ऋण सम्बन्धी विवरण ।

आज्ञाले,
भुवनेशकुमार प्रधान
का.मु.सह-सदस्य सचिव
राष्ट्रिय योजना आयोगको सचिवालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
206

# भाग ४

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४८।१।६ को निर्णयानुसार हवाई विभागको पूल दरबन्दीमा नयाँ सृजना भएको देहायको पदको समूह निर्धारण सूची सोही मितिदेखि लागू हुने गरी देहायबमोजिम कायम गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | पद संकेत | स्थान | पदको नाम | सेवा | श्रेणी | स्तर | समूह, उप-समूह | पदाधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | पा।हा।वि।०७।५० | हवाई विभाग | असिष्टेण्ट टेक्निकल अफिसर | इन्जिनियरिङ | तृतीय | शा.अ. | एभिएशन टेलिकम्युनिकेशन मेण्टेनेन्स | रिक्त | |

आज्ञाले,
माधवराज भण्डारी
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०८